थिए ।

वाणिज्य संघका अध्यक्ष गुणानीधी

तरिका प्राविधिक जानकारी एंव

नेपालीलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

# सरावल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**सरावल, नवलपरासी, ५ नं. प्रदेश, नेपाल**

# शिलबन्दी बोलपत्र/दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७६/१०/१८

यस कार्यालयबाट चालु आ.व. ०७६/७७ को स्वीकृत निर्माण कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यहरु गर्नुपर्ने भएकोले मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र प्राप्त निर्माण व्यवसायीबाट निम्न शर्तको अधिनमा रही शिलबन्दि बोलपत्र/दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू :**

१. सम्बन्धित कागजातहरु संलग्न राखी यस सरावल गाउपालिकाको कार्यालयबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले बोलपत्रको हकमा ३०औं दिनसम्म तथा दरभाउपत्रको हकमा १५ औं दिनसम्म कार्यालय समयभित्र तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिने छ ।

२. बोलपत्र/दरभाउपत्र खरीद गर्दा आ.व. ०७६/७७ सम्म नवीकरण भएको ईजाजतपत्र र मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व. ०७५/७६ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

३. यसरी खरीद गरिएका बोलपत्र/दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले क्रमश: दरभाउपत्रको हकमा १६औं दिन तथा बोलपत्रको हकमा ३१ औं दिनको १२.०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । म्यादभित्र प्राप्त हुन आएका शिलबन्दि बोलपत्र/दरभाउपत्र सोही दिन दिनको २.०० बजे कार्यालयका प्रतिनिधि तथा बोलपत्र/दरभाउपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा सरावल गाउपालिकाको कार्यालयमा खोलिने छ । बोलपत्र/दरभाउपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधि अनुपस्थित भएमा पनि कार्यालय प्रतिनिधिहरुको रोहवरमा बोलपत्र/दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

४. बोलपत्र/दरभाउपत्रदातालाई बोलपत्र/दरभाउपत्र दर (रेट) भर्नु अघि सम्बन्धित निर्माण स्थलको अवलोकन/निरिक्षण गर्न सुझाव दिईन्छ । उल्लेखित दररेट निर्माण स्थलको यथार्थ वस्तुस्थिति बुझि भरेको मानिने छ ।

५. बोलपत्र/दरभाउपत्र प्रत्येक आइटमको भ्याट बाहेकको दर अंक र अक्षरमा प्रष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ । बोलपत्र/दरभाउपत्रदातालाई "मूल्य अंकित परिमाण सूची" पेश गर्न प्रोत्साहन गरिएको छ ।

६. दरभाउपत्रको मान्य अवधि ४५ दिन र बोलपत्रको ९० दिन हुनेछ ।

७. बोलपत्र/दरभाउपत्र साथ जमानत वापतको तल उल्लेखित रकम सरावल गाउपालिकाको कार्यालयको रा.वा.बैंक परासी शाखामा रहेको धरौटी खाता ३१००३०३००७१०२ (ग ३) मा दाखिला गरेको सक्कल भौचर अथवा यस कार्यालयको नाममा जारी भएको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिवाट कम्तिमा दरभाउपत्रको हकमा ७५ दिन तथा बोलपत्रको हकमा १२० दिन म्याद भएको जमानीपत्र (बिडवण्ड) संलग्न हुनुपर्नेछ ।

८. कुनै पनि बोलपत्र/दरभाउपत्रदाताले एउटा ठेक्काको लागि एउटै मात्र बोलपत्र/दरभाउपत्र खरीद र दाखिला गर्न सक्नेछन् । यो शर्त संयुक्त उपक्रममा पनि लागू हुनेछ ।

९. बोलपत्र/दरभाउपत्र पेश गर्दा खाम वाहिर बोलपत्र/दरभाउपत्रदाताको नाम, ठेगाना, ठेक्का क्रम संख्या, कामको विवरण, दस्तखत र छाप स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

१०. बोलपत्र/दरभाउपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।

११. रीत नपुगी वा म्याद नाघी आएका बोलपत्र/दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

१२. कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१३. बोलपत्र/दरभाउपत्र स्वीकृत भइसकेपछि कवोल अंकको ५% ले हुने रकम माथि उल्लेखित खातामा जम्मा गरेको सक्कल वैंक भौचर वा परफरमेन्स वन्ड (Performance Bond) पेश गरी सम्झौता गर्नुपर्नेछ ।

१४. उपरोक्त बुंदाहरुमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

१५. बोलपत्र/दरभाउपत्र सम्बन्धि अन्य जानकारी चाहिएमा यस कार्यालयको समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

१६. सम्बन्धित आयोजनालाई विनियोजित बजेट नपुग भएमा आगामी आ.व.को वजेटबाट भुक्तानी गरिनेछ ।

| क्र.सं. | ठेक्का नं. | ठेक्काको किसिम | कामको विवरण | लागत अनुमान रु.(भ्याट बाहेक) | जमानत रकम (रु.) | दरभाउपत्र खरीद दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | १७/०७६/७७ | दरभाउपत्र | धनगढवा-गडौरी जोड्ने बाटो कालोपत्रे, वडा नं. ५ र ६ | १७३३७६९.४२ | ४५००० | १०००.०० |
| २. | १८/०७६/७७ | दरभाउपत्र | तिलौली गाउँमा कालोपत्रे, सरावल-२ | ८६६४५५.५० | २५००० | १०००.०० |
| ३. | १९/०७६/७७ | दरभाउपत्र | जवामा अधुरो कालोपत्रे, सरावल-२ | ६०५३९८.८४ | १७५०० | १०००.०० |
| ४. | २०/०७६/७७ | दरभाउपत्र | पटखौलीमा कालो पत्रे, सरावल-२ | ६०५३९८.८४ | १७५०० | १०००.०० |
| ५. | २१/०७६/७७ | दरभाउपत्र | महेन्द्र मा.वि. अधुरो भवन निर्माण सरावल-३ | १२८५८३३.६६ | ३७५०० | १०००.०० |
| ६. | २२/०७६/७७ | बोलपत्र | कुर्थावलमा आर.सि.सि. ढलान, सरावल-६ | २१६३६७१.४४ | ६२५०० | ३०००.०० |
| ७. | २३/०७६/७७ | बोलपत्र | पर्यटकिय क्षेत्र, कोलबृक्ष कभर्डहल निर्माण तथा भौतिक संरचना निर्माण, सरावल-२ | ६४४०५७४.०३ | १८६००० | ३०००.०० |

**प्रमुख प्रशासकीय अधिकृत**